# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ११० | काठमाडौं | शनिबार, २६ साउन २०८१ | Prabhab National Daily | Saturday, August 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




पोर्चुगलको राजधानी लिस्बनमा सञ्चालित राहदानीसम्बन्धी 'घुम्ती शिविर' मा राहदानी बनाउन लागेको नेपाली सेवाग्राहीको घुइँचो । गैरआवासीय नेपाली संघ पोर्चुगलको कार्यालयमा सञ्चालित शिविरमा दैनिक झण्डै ४०० को हाराहारीमा सेवाग्राही पुग्ने गरेका छन् । *तस्बिरः भरत प्रधान/रासस*

# सोलुमा 'ट्राभल हिस्ट्री' नभएका व्यक्तिमा डेंगुको संक्रमण पुष्टि

**■ सुवास दर्नाल**

- पछिल्लो एक महिनामा सोलुमा ३० जनामा डेंगु संक्रमण पुष्टि
- गर्मीका समयमा भित्री मधेस, पहाडी क्षेत्रमा देखिने लामखुट्टे अहिले उच्च हिमाली भेगमा फैलिँदै
- हिमाली क्षेत्रमा तापक्रम निरन्तर उकालो लागेसँगै लामखुट्टे संख्यामा वृद्धि
- जलवायु परिवर्तनको कारण हिमाली जनजीवन र बालीनालीमा असर

**सोलुखुखुम्बु–** सोलुखुम्बु सदरमुकाम सल्लेरीका पशी शेर्पा विगतमा लामखुट्टेबाट सार्ने रोगको जोखिममा परेकी छैनन् । उनलाई लामखुट्टेको टोकाइबाट रोग लाग्छ र सर्दछ भन्ने जानकारीसम्म छैन । तर पछिल्लो दुई वर्षदेखि सल्लेरीमै लामखुट्टेबाट सार्ने रोगको जोखिम बढ्न थालेपछि उनी चिन्तित छिन् । उनले भनिन्, 'म गाउँ छोडेर अन्यत्र गएको छैन । पछिल्ला वर्षमा लामखुट्टे देखिन थालेको छ ।'

विशेषगरी गर्मीका समयमा भित्री मधेस, पहाडी क्षेत्रमा देखिने लामखुट्टे अहिले उच्च हिमाली भेगमा पनि विस्तारै फैलिँदै गएको छ। सल्लेरीसहितका क्षेत्रमा अहिले लामखुट्टेको संख्या बढ्दै गएको स्थानीयवासी बताउँछन् । सुरुसुरुमा यातायातका साधनमार्फत भित्रिएका लामखुट्टे यहीको वातावरणसँग घुलमिल हुँदा र हिमाली क्षेत्रमा तापक्रम निरन्तर उकालो लागेसँगै गर्मी ठाउँमा मात्रै बाँच्नसक्ने लामखुट्टे हिमाली भेगमा देखिन थालेको सल्लेरीका केबी घिमिरेले बताए ।

उनले भने, 'यहाँको तापक्रम बढ्दै गएको छ, सल्लेरीमै पनि घाम लागेको बेला निक्कै गर्मीको महसुस हुन्छ, हिउँदमा हिउँ पर्न नै छोडिसक्यो, अनि लामखुट्टे त फैलिहाल्छ नि ।' सल्लेरीमा अहिले तापक्रम २५ देखि २८ डिग्री सेल्सियससम्म पुग्ने गरेको हावापानी मापन केन्द्र सल्लेरीका मापन केन्द्र सहयोगी नवराज पराजुलीले बताए । उनका अनुसार सल्लेरीको तापक्रम बिहान र बेलुका नै २२/२३ डिग्रीसम्म तापक्रम पुग्ने गर्दछ ।

बर्सेनि यहाँको अधिकतम तापक्रम निरन्तर बढ्दै गइरहेको उनको भनाइ छ । यसका कारण लामखुट्टेको संख्यासमेत वृद्धि भएको बताइएको छ । लामखुट्टेको संख्या बढेसँगै सल्लेरीसहित, सोताङ, नेचासल्यान, माप्यदुधकोशीलगायतका क्षेत्रमा झुल तथा यसविरुद्ध धूपको प्रयोग सुरु भएको छ । लुक्लाभन्दा केही तलको गाउँ खरिखोलासम्म लामखुट्टे फैलिएको स्थानीयवासी रामबहादुर मगरले बताए ।

स्थानीयवासी पासाङ शेर्पा झुल तथा लामखुट्टे नष्ट गर्ने धूप प्रयोग गर्न बाध्य बनेको बताउँछन् । तापमान बढेर हिमाली क्षेत्रको जनजीवन र बालीनालीमा असर पारिरहेको जलवायुका जानकार राजन थापाले बताए । तापक्रम वृद्धिले हिमाललाई असर पारिरहेका छन् । यसबाट डेंगुको संक्रमणको जोखिम बढेको जनाइएको छ । पहाडी भेगमा ०.०६ प्रतिशत र हिमाली भेगमा ०.०४ प्रतिशतका दरले तापक्रममा वृद्धि भइरहेको छ । प्राकृतिक एवं मानवीय कारणबाट विश्वव्यापी तापमान बढिरहेको विज्ञहरू बताउँछन् ।

### सोलुमा बढ्दै डेंगुको संक्रमण

सोलुखुम्बु सोताङका ५३ वर्षीय एक पुरुष पाँच दिनसम्म कडा ज्वरो आउने, टाउको दुख्ने, खान मन नलाग्ने, शरीर दुख्नेलगायत समस्या देखिएपछि प्राथमिक अस्पताल सोताङ पुगे ।

(क्रमशः पृष्ठ २ मा)

**आठ वर्षमा विद्युत् प्राधिकरणको छलाङ**

# सञ्चित नाफा ४७ अर्ब ४१ करोड

- आठ वर्षअघि आठ अर्ब ८९ करोड रूपैयाँ खुद नोक्सानीमा रहेको प्राधिकरण गत आर्थिक वर्षसम्म १३ अर्ब ३१ करोड रूपैयाँ नाफामा
- ३४ अर्ब ६१ करोड रूपैयाँ सञ्चित घाटाको स्थितिबाट उठेर अहिले ४७ अर्ब ४१ करोड रूपैयाँ सञ्चित नाफामा
- करिब २२ लाख ग्राहकलाई न्यूनतम शुल्क ३० रूपैयाँमात्र कायम गरी ऊर्जा निःशुल्क गरिएको जानकारी

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले पछिल्लो आठ वर्षमा आफ्नो पहिचान बदलेको छ। आर्थिक वर्ष २०७२/७३ सम्म खुद घाटामा रहेको प्रधिकरण अहिले नाफा बढाउँदै अघि बढिरहेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार आर्थिक वर्ष २०७३/७४ बाट नाफामा अघि बढेको प्राधिकरणले पछाडि फर्कनु परेको छैन । तथ्यांकले पनि यस्तै देखाउँछ ।

कार्यकारी निर्देशक घिसिङका अनुसार आर्थिक वर्ष २०७२/७३ मा प्राधिकरण आठ अर्ब ८९ करोड रूपैयाँ खुद नोक्सानीमा रहेको थियो । आर्थिक वर्ष २०७३/७४ मा एक अर्ब ५० करोड रूपैयाँ खुद नाफा कमाएको थियो । त्यसयता निरन्तर नाफा कमाउँदै गत आर्थिक वर्ष २०८०/८१ मा १३ अर्ब ३१ करोड रूपैयाँ नाफा पुगेको तथ्यांक उनले शुक्रबार सार्वजनिक गरे । अहिले ४७ अर्ब रूपैयाँभन्दा बढी सञ्चित नाफामा रहेको उनले बताए ।

'आठ वर्षअघि ३४ अर्ब ६१ करोड रूपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण अहिले ४७ अर्ब ४१ करोड रूपैयाँ सञ्चित नाफामा रहेको छ,' शुक्रबार आयोजित पत्रकार सम्मेलनमा घिसिङले भने। विद्युत्को महसुल तीनपटक गरी करिब २५ प्रतिशत घटाए पनि नाफामा वृद्धि भइरहेको उनले बताए ।

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणका करिब कूल ५९ लाख ग्राहकमध्ये करिब २२ लाख ग्राहकलाई न्यूनतम शुल्क ३० रूपैयाँमात्र कायम गरी ऊर्जा निःशुल्क गरिएको जानकारी दिए । उनले सिँचाइका लागि प्रतियुनिट दुई रूपैयाँमा विद्युत् उपलब्ध गराइएको छ । यस्तै, लिफ्टिङ खानेपानीमा डिमान्ड शुल्क नलाग्ने र इनर्जी शुल्कमा सहुलियतको व्यवस्था गरिएको उनले जानकारी दिए ।

'विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्न चार्जिङ स्टेसनमा सहुलियतपूर्ण महसुल दर कायम गरिएको छ,' कार्यकारी निर्देशक घिसिङले भने, 'यसरी प्राधिकरणले नाफा कमाउनमात्र हैन, आफ्नो सामाजिक दायित्वलाई पूरा गरिरहेको छ ।' (क्रमशः पृष्ठ २ मा)

## 'बिलमा गुनासो भए उद्योगीहरू कानुनी प्रक्रियामा आउनुपर्छ'



**कुलमान घिसिङ**
**कार्यकारी निर्देशक**

पछिल्ला दिन चर्चामा रहेको 'डेडिकेटेड' एवं 'ट्रंक' लाइन महशुल विवादका सम्बन्धमा उद्योगीहरू कानुनी बाटोमा नआएको नेपाल विद्युत् प्राधिकरणले स्पष्ट पारेको छ । प्राधिकरणले जारी गरेको बिलमा कुनै गुनासो रहेको भए प्राधिकरणकै पुनरावलोकन समितिसमक्ष निवेदन दिनुपर्नेमा उद्योगीहरूले त्यसो नगरेको जनाएको छ ।

'पुनरावलोकन समितिमा नआउने, अदालतले पनि बिल उठाऊ भनेको अवस्थामा राज्यको राजस्व छाड्ने र छुट दिने भन्ने हुँदैन, हामी छुट दिन सक्दैनौं,' (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# इजरायल जाने कामदारको छनोट विश्वसनीय बनाउन छानबिन समिति गठन

**■ प्रभाव संवादादता**

**काठमाडौं–** सरकारले इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट लैजान लागिएको सहायक कामदारहरूको छनोट प्रक्रियालाई विश्वसनीय बनाउन शुक्रबार एक छानबिन समिति गठन गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उपसचिव मेघनाथ रिमालको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको मन्त्रालयका प्रवक्ता, सहसचिव गोविन्दप्रसाद रिजालले जानकारी दिए । कामदारहरूबाट पेस गरिएका कागजातको सम्बन्धमा पत्रपत्रिकामा आएको समाचारप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जानकारी दिँदै उनले छानबिन समितिले छनोट प्रक्रियामा पेस भएका कागजातहरूको आधिकारिकताको जाँच गर्नाका साथै समग्र छनोट प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउने बताए ।

उनले शुक्रबार नै एक विज्ञप्ति जारी गरी नेपाल र इजरायलबीच भएको द्विपक्षीय जिटुजी सम्झौता कार्यान्वयन गर्न मन्त्रालय सदैव तयार रहेको तथा जिटुजीमार्फत हुने छनोट प्रक्रिया व्यवस्थित र पारदर्शी बनाउन मन्त्रालय प्रतिबद्ध रहेको बताएका छन् ।

यसअघि इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार




(केयर गिभर) का लागि जान आवेदन दिँदा पेस गरिएको तालिम प्रमाणपत्र नक्कली भएको आशंका गरिएको थियो । वैदेशिक रोजगार विभागले यही साउन ११ गतेसम्म प्राप्त आवेदन तथा कागजातहरूमाथि अध्ययन गरी इजरायल जाने केयर गिभरको छनोट प्रक्रिया अगाडि बढाउने क्रममा केही आवेदकहरूले नक्कली प्रमाणपत्र पेस गरेको हुनसक्ने आशंका गरिएको हो ।

विभागले गत असार ११ गते सूचना निकालेर केयर गिभरका लागि आवेदन आह्वान गरेकोमा चार हजार २४ जनाले अनलाइनमार्फत आवेदन दिएका थिए । जसमा दुई हजार २० ९ जना पुरूष र एक हजार ८१५ जना महिला रहेका विभागले जनाएको छ । छनोट प्रक्रियामा रहेका केही आवेदन अस्वीकृत भएको विभागका एक अधिकारीले जानकारी दिए । उनले आवेदन दिनेहरूमा केहीले केयर गिभरका लागि चाहिने तालिमसम्बन्धी तीन महिने कोर्शको प्रमाणपत्र नक्कली पेस गरेको आशंकामा छानबिन थालिएको बताएका थिए ।

यसअघि विभागले केयर गिभरसम्बन्धी तालिमको प्रमाणपत्र किनबेच हुनसक्ने भन्दै सम्बन्धित संस्थाहरूसँग तालिम लिएका प्रशिक्षार्थीहरूको विवरण माग गरेको थियो । ती संस्थाहरूले विभागमा पेस गरेको विवरण र प्राप्त निवेदनहरूमा समावेश गरिएको प्रमाणपत्रको संख्याबीच अन्तर देखिएको बताइएको छ । 'तालिमप्रदायक संस्थाहरूबाट पुनः विवरण माग गरिएको छ, सबै विवरण आएपछि कति आवेदकले नक्कली प्रमाणपत्र पेस गरेका रहेछन् भन्ने थाहा हुने छ,' विभाग स्रोतले भन्यो, 'कतिपयले हामीले पेस गरेको संख्यामा छुट भएछ भन्दै थप विवरण पनि पठाएका छन्, ती शंकास्पद हुन सक्छन् ।'

केयर गिभरका लागि प्राप्त आवेदनहरू प्रमाणीकरण गर्ने क्रम जारी रहेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । प्रमाणीकरण गरेपछिमात्रै आवेदन स्वीकृत हुने उनले बताए । आवश्यक कागजात नपुगेका आवेदनहरू स्वीकृत नहुने उनले प्रस्ट पारे । नक्कली प्रमाणपत्रका सम्बन्धमा पनि कुरा उठिरहेको उनको भनाइ छ । महानिर्देशक घिमिरेले यस विषयमा विभाग गम्भीर रहेको बताए । 'विभिन्न विधि, प्रक्रिया अपनाएर आवेदनसँगै पेस गरिएका कागजात नक्कली हुन् कि सक्कली भन्ने छुटचाउन सम्बन्धित टिमले काम गरिरहेको छ,' उनले भने, 'कुनै पनि कागजातमा शंका लाग्नेबित्तिकै छानबिनका लागि आवश्यक प्रक्रिया अपनाइने छ ।'

विभागले इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा केयर गिभरको रूपमा जानका लागि आवेदन दिएकामध्ये तीन हजार ४६१ जनाको आवेदन स्वीकृत गरिसकेको छ । चार हजार २४ जनाले आवेदन दिएकोमा आवश्यक कागजात परीक्षणपश्चात् उक्त संख्यामा आवेदन स्वीकृत गरिएको विभागले गत सोमबार जानकारी दिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### सञ्चित नाफा...

उनले प्राधिकरणले कागजीरूपमा मात्र नाफा देखाएको भन्ने आरोपको खण्डन गरे । 'संवैधानिक निकाय महालेखापरीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षणबाट देखिएको प्राधिकरणको नाफा कुनै कागजी हैन यो त आन्तरिकरूपमा लगानीका लागि एउटा दरिलो स्रोत हो,' उनले भने ।

इक्रा नेपालले गरेको 'क्रेडिट रेटिङ' मा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ पाइरहेको जानकारी दिँदै कार्यकारी घिसिङले यसबाट प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व बहन गर्न सक्ने क्षमतामा देखिएको बताए । 'यसरी, प्राधिकरणले कमाएको नाफा ग्राफमा देखिने कोरा अंकमात्र होइन, यो त विद्युत् विकासका पूर्वाधार निर्माण र सेवा विस्तारमा लगानी हुने भरपर्दो स्रोत पनि बनेको छ । जसले भविष्यको थप नाफालाई पनि सुनिश्चित गर्ने छ,' उनले भने ।

आम सर्वसाधारणलाई १० प्रतिशत सेयर निष्कासन गरी संकलन गरिएको रकम ठूला जलविद्युत् आयोजनामा लगानी गर्ने प्राधिकरणले तयारी गरेको छ । विद्युत् प्रसारण तथा वितरणतर्फका पूर्वाधार संरचना विस्तार तथा सुदृढीकरणमा ठूलो लगानी परिचालन गरिएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । उनका अनुसार पछिल्लो आठ वर्षमा मात्र प्राधिकरणले करिब एक खर्ब रूपैयाँ पुँजीगत लगानी गर्न सक्षम देखिएको छ । प्राधिकरणले आफ्ना सहायक र सम्बद्ध कम्पनीमा ५६ अर्ब ६८ करोड रूपैयाँभन्दा बढी लगानी गरेको उनले जानकारी दिए ।

उनका अनुसार देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय प्रतिस्पर्धी बजारको डे-अहेड र रियल टाइम मार्केट र मध्यकालीन सम्झौताबमोजिम पनि विद्युत् निर्यात भइरहेको छ । 'विद्युत् निर्यात परिमाण हरेक वर्ष बढिरहेको छ । नेपालले औपचारिकरूपमा विद्युत् निर्यात नोभेम्बर २०२१ बाट सुरु गरेको थियो,' उनले भने, 'निर्यातको मात्रा बढ्दै गएर गत आवमा एक अर्ब ९४ करोड युनिट विद्युत् निर्यात गरी १७ अर्ब सात करोड रूपैयाँ आम्दानी भएको छ ।'

वर्षायाममा दैनिक ७०० मेगावाटभन्दा बढी विद्युत् निर्यात भइरहेको कार्यकारी घिसिङले जानकरी दिनुभयो । उनका अनुसार सुख्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहहरूबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गाह्रो हुने गरेको छ ।

'गत आवमा भारतबाट एक अर्ब ९१ करोड युनिट अर्थात् १६ अर्ब ९३ करोड रूपैयाँबराबरको विद्युत् आयात गरिएको छ,' कार्यकारी घिसिङले भने, 'गत आर्थिक वर्षमा आयातभन्दा करिब १३ करोड रूपैयाँ बढीको विद्युत् निर्यात भएको छ ।' आर्थिक वर्ष २०८०/८१ बाट खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बन्न सफल भएको बताउँदै कार्यकारी घिसिङले यो नेपालको जलविद्युत् विकासका लागि कोशेढुंगा भएको उल्लेख गरे ।

● ● ●

### बिलमा गुनासो...

प्राधिकरणमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक कुलमान घिसिङले भने, 'लोडसेडिङको समयमा सुविधा लिएका उद्योगलाई कानुनअनुसार बिल काटेको प्रमाण सुरक्षित रहेको छ ।'

उद्योग व्यवसायलाई डेडिकेटेड र ट्रंक लाइन महशुलका सम्बन्धमा रहेको टाइम अफ डे (टिओडी) मिटरको सबै विवरण संसद्को सार्वजनिक लेखा समितिलाई उपलब्ध गराइएको उनले जानकारी दिनुभयो । 'मैले मागेको ठाउँमा सबै विवरण दिएको छु । आवश्यक परे अझै विवरण उपलब्ध गराउँछौं, तर सार्वजनिक स्थानमा जसले जति बेला जे प्रमाण माग्यो त्यो दिइहाल्नुपर्छ भन्ने छैन । अब सम्बन्धित निकायलाई आवश्यक कागजात दिएको छु,' उनले भने ।

● ● ●

### सोलुमा 'ट्राभल हिस्ट्री'...

नमूना जाँच गर्दा उनलाई डेंगुको संक्रमण पुष्टि भएपछि चिकित्सकको सल्लाहमा घरमै बसेर औषधि सेवन गरिरहेका छन् ।

यहाँ डेंगुको संक्रमण बढ्दै गएको छ । पछिल्लो एक महिनामा जिल्लामा ३० जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सोलुखुम्बुले जनाएको छ । कार्यालयका महामारी फोकल पर्सन अशोक शिवाकोटीका अनुसार हालसम्म जिल्लाभरमा २० जना पुरुष र १० जना महिलामा डेंगुको संक्रमण पुष्टि भएको छ । उनीहरूको अवस्था सामान्य रहेको जनाइएको छ । जिल्लाको सोताङ गाउँपालिकामा मात्रै २७ जनामा संक्रमण पुष्टि भएको छ ।

एक सय ५० जनाको नमूना किट परीक्षण गर्दा २७ जनाको रिपोर्ट सकारात्मक आएको महामारी फोकल पर्सन शिवकोटीले बताए । यसमा पुरुष १९ र महिला आठ छन् । उनले भने, 'सोताङमा संक्रमित भएका सबैजसोको 'ट्राभल हिस्ट्री' देखिएन, उनीहरू गाउँमै बस्दै आएका थिए तर ती व्यक्तिहरूलाई समेत संक्रमण पुष्टि भएपछि सोलुमा पनि डेंगु फैलिएको पुष्टि भयो ।'

विशेषगरी डेंगु लामखुट्टेको टोकाइबाट लाग्ने गर्दछ । लामखुट्टेको मात्रा बढी रहेका ठाउँमा यसबाट बच्नलाई पानी जम्ने भाँडाकुडा तथा खाल्डाखुल्डी भएका ठाउँमा यसको लार्भा हुने भएकाले त्यस्ता ठाउँहरूलाई पूर्णरूपमा विस्थापित गर्न सके केही कम हुने फोकल पर्सन शिवाकोटीले बताए ।

उक्त अभियानअन्तर्गत स्वास्थ्य कार्यालयले लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान नै सञ्चालन गरेको थियो । 'ट्राभल हिस्ट्री' नभएका व्यक्तिहरूमासमेत डेंगुको संक्रमण पुष्टि हुने क्रम बढेपछि कार्यालयले घर वरिपरिका खाल्डाखुल्डीमा जमेका पानीलाई विस्थापित गर्ने र लामखुट्टेका लार्भा नष्ट गर्ने अभियान नै सञ्चालन गरेको हो । यसले सर्वसाधरणलाई जनचेतना फैलिन सहयोग गर्ने भएकाले कार्यालयले सुरुआतमा अभियान चलाएको फोकल पर्सन शिवाकोटीले बताए । डेंगुको संक्रमण फैलिएको धेरै लामो समय नभएकाले लामखुट्टेको टोकाइबाट बच्नेबारे जनचेतना फैलाउन र बुझाउनसमेत केही समस्या भएको स्वास्थ्यकर्मीहरू बताउँछन् । *रासस*

● ● ●

### इजरायल जाने...

विभागले जारी गरेको सूचनामा स्वीकृत भएका तीन हजार ४६१ आवेदनमध्ये एक हजार ८६३ पुरुष र एक हजार ५९८ महिला रहेको उल्लेख गरिएको छ । आवेदन दिएकामध्ये ३२१ जनाको आवेदन रद्द गरिएको र कागजात नपुगेका २४२ जनाको आवेदन फिर्ता पठाइएको उल्लेख छ । विभागले स्वीकृत गरेका आवेदन इजरायलको सरकारी निकाय पिबालाई पठाएको जनाएको थियो । पिबाले 'नेम चेक'को नतिजा पठाएपश्चात् सफल उम्मेदवारहरूलाई मात्रै इजरायल सरकारको छनोट कार्यक्रममा समावेश गराइने विभागले जनाएको छ ।

इजरायलले सुरुमा ५०० जना मुख्य उम्मेदवार र ३०० जना वैकल्पिक गरी ८०० जना नेपालीलाई केयर गिभरमा लैजान आवेदन माग गरे पनि यो संख्यालाई बढाएर दुई हजार पुऱ्याएको थियो । जसमा मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवार एक/एक हजार भनी उल्लेख गरिएको छ । जसअन्तर्गत ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष कामदार लैजाने इजरायली नीति रहेको छ । तर आवेदन दिने नेपालीको संख्या महिलाभन्दा पुरुष बढी रहेको छ ।

इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको हेरचाह तथा स्याहार गर्न नेपालबाट केयर गिभरको माग गर्दै आएको जनाएको छ । यसअघि नेपालबाट केयर गिभरमा काम गर्न झण्डै १२ सय नेपाली इजरायल गइसकेको विभागले जनाएको छ । केयर गिभरमा छनोट हुनेले मासिक पाँच हजार ८८० सेकेल इजरायली मुद्रा अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी पारिश्रमिक पाउने छन् भने करार अवधि सुरुमा एक वर्षको हुने छ । त्यसपछि बढीमा पाँच वर्षसम्म थप गर्न पाइने छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १०९ साउन २५ गते २०८१ मा प्रकाशित Paradise Human Resorce Pvt. Ltd को Lot No. 304532 को Vellalur carpentry & flooring contracting co. LLc कम्पनीको विज्ञापनमा शहरमाः Dubai हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

PARADISE HUMAN RESORCE PVT. LTD
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np


## राप्ती गाउँपालिका वडा नं-०१ भालुवाङमा अवस्थित राप्ती नदीमा ईन्जिन जडित मोटरबोट संचालनको निम्ति लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्राकशित मितिः २०८१-०४-२५**

लुम्बिनी प्रदेश, दाङ जिल्ला, राप्ती गाउँपालिकाको राप्ती नदीमा इन्जिन जडित मोटरबोट संचालनको लागि राप्ती सामुदायिक वन उपभोक्ता समूहद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राती सामुदायिक वन उपभोक्ता समूह<br>फोन नं. ९८२६५७११३० |
| प्रस्तावको व्यहोरा | राप्ती गाउँपालिका स्थित राप्ती नदीमा ईन्जिन जडित मोटरबोट संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला / गा.पा | दाङ, राप्ती गा.पा-०१ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेददन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री राप्ती सामुदायिक वन उपभोक्ता समूह<br>फोन नं. ९८२६५७११३० |
| परामर्शदाताको नाम र ठेगाना | इन्भाइरोमेन्टल च्यालेन्ज कन्सल्ट प्रा.लि.<br>च.न.पा-०५, काठमाण्डौं ।<br>ईमेलः challengesenvironmental@gmail.com<br>सम्पर्क नं. : ९८६१००२८८० |

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२६)**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८३ को ६५०.२२ घनफिट काठ रसाल जातको दाउरा १.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**प्रतिभा सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-८, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२६)**

यस सामुदायिक वन उपभोक्ता समूहको जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३५ को ५८८.४० घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**शहिद अर्जुन सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-३, मकवानपुर**

## मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.

**Mega Dream Multipurpose Co-Operative Ltd.**

**प्रधान कार्यालय** बालाजु-१६, माछापोखरी, काठमाडौं फोन नं. ०१-४३८७६१५, ४३८७६१६
**सदस्य सेवा केन्द्र :** कालिमाटी, काठमाडौं फोन नं. ०१-४२०३३३८ ४६७१२७३
**चाबहिल, काठमाडौं** फोन नं. ०१-४४६८१९५, ४४८२२११
**न्युरोड, काठमाडौं** फोन नं. ०१-४२४०५४९
**गोकर्णेश्वर, नारायणटार, काठमाडौं** फोन नं. ०१-४९११९०२, ४९१८१०३

## तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/04/२६ गते**

मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित सम्पत्ति एवं धनजमानीमा तपाईहरूले लिनु भएको ऋणको साँवा, ब्याज तथा हर्जाना लगायतका रकम शर्त बमोजिम यस संस्थामा समय समयमा दाखिल गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित तथा टेलिफोनबाट जानकारी गराउदा समेत सो ऋणको सम्पूर्ण रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रभाव दैनिक पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु होला । यदि रकम तिरी बुझाइसकेको भए सो को निस्सा प्रमाण पेस गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ । तपसिलमा उल्लेखित सम्पत्ति धितोबाट र धनजमानीमा कर्जा लिनु भएका तपाई ऋणीहरूको कर्जा असुल नभएमा तपाई, तपाईको एकाघर र जमानी बस्नेको चलअचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ । अन्यथा संस्थाको नीतिनियम एवम् सहकारी ऐन २०७४, नियमावली २०७५ तथा नेपालको प्रचलित कानुन बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ता समेतलाई कालो सुचिमा सुचिकृत गरी आवश्यक कानुनी कारबाही भईजाने व्यहोरा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको विवरण | ऋणीको फोटो | ऋणीको विवरण | ऋणीको फोटो |
|---|---|---|---|---|
| १ | **ऋणीको नामः मणि कुमार श्रेष्ठ**<br>बाबुको नामः भक्त बहादुर श्रेष्ठ<br>बाजेको नामः नर बहादुर श्रेष्ठ<br>पत्नीः अस्मिता श्रेष्ठ<br>स्थायी ठेगानाः गाविस कुन्चोक वडा नं. २ सिन्धुपाल्चोक<br>नागरिकता नः १९८७१/१०४७०, सिन्धुपाल्चोक<br>जारी मितिः २०५८/०१/०९ | <br>**मणि कुमार श्रेष्ठ** | **जमानीकर्ताको नामः अस्मिता श्रेष्ठ**<br>बाबुको नामः रण बहादुर श्रेष्ठ<br>बाजेको नामः मेहेर मान श्रेष्ठ<br>स्थायी ठेगानाः धुनिबेशि नगरपालिका वडा नं. ८ धादिङ<br>नागरिकता नः १०२१०२, धादिङ<br>जारी मितिः २०५८/०५/२६ | <br>**अस्मिता श्रेष्ठ** |

**धितोको विवरण**

जिल्ला भक्तपुर सुडाल गाविस वडा नं.३ (ङ) साबिक कित्ता नं.११९६ को हालको कित्ता नं.१२७० को क्षे.फ.०-४-१-० (रोपनी), १३५.११ व.मि.रहेको छ ।


## युएईमा रोजगार ARAR INFRA CONTRACTING CO. LLC, UAE

पुर्व स्विकृति मितिः २०८०/१०/२२ चलानी नं. ६०२१४३७८ LT No. 299412 पून:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 18 | काममा दक्ष | 1000 | 36574 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 10 | | 1200 | 43888 | | | | | | | |
| 3 | Mason | 10 | | 1200 | 43888 | | | | | | | |
| 4 | Steel Fixer | 5 | | 1200 | 43888 | | | | | | | |


| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्वाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ भाद्र १ गते (17 August 2024) हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744 लागत खर्चः निःशुल्क


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


**शनिबार, २६ साउन, २०८१**

- **मेष** आत्माविश्वासको कमीले काममा पछि परिने ।
- **वृष** काममा प्रतिस्पर्धा बढ्न सक्छ ।
- **मिथुन** अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ ।
- **कर्कट** मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ ।
- **सिंह** हडबड गर्नाले काममा बाधा पुग्ने ।
- **कन्या** व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने ।
- **तुला** मिहिनेतले उपलब्धि हासिल हुने ।
- **वृश्चिक** स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ ।
- **धनु** विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट ।
- **मकर** टाढाको यात्राको सम्भावना हुनेछ ।
- **कुम्भ** सेवामुलक कामबाट धनलाभ प्राप्त हुने ।
- **मीन** धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**२६ साउन, २०८१ (१० अगस्ट, २०२४)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.६७ | १३४.२७ |
| युरो | १ को | १४४.७५ | १४५.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६५ | १७२.४२ |
| स्विस फ्रैन्क | १ को | १५१.०७ | १५१.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५३ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९६.५७ | ९७.०० |
| सिँगापुर डलर | १ को | ९९.४६ | ९९.९१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.६३ | ३५.७९ |
| कतारी रियाल | १ को | ३६.६६ | ३६.८२ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३९ | ३६.५६ |
| मलेसियन रिङेट | १ को | २८.८१ | २८.९४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.४० | १९.४९ |
| हङकङ डलर | १ को | १७.११ | १७.१९ |
| कुवेती दिनार | १ को | ४३७.१६ | ४३९.१२ |
| बहराइन दिनार | १ को | ३५४.६० | ३५६.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तालाबन्दीप्रति बौद्ध संघसंस्थाको विमति

**काठमाडौं (प्रस)–** धर्मोदय सभा र अन्य बौद्ध संघसंस्थाले लुम्बिनी विकास कोषमा गरिएको तालाबन्दी, घेराउलाई अशोभनीय क्रियाकलाप भन्दै त्यसप्रति विरोध जनाएका छन् ।

लुम्बिनी नगर क्षेत्रका स्थानीय बासिन्दासहित केही समूहले प्रस्तुत गरेका मागप्रति विपति जनाउँदै सभाद्वारा प्रेषित विज्ञप्तिमा भनिएको छ, 'लुम्बिनी विकास कोषसामु प्रस्तुत माग सकारात्मक भए पनि कोष गठन ऐन कानुनबमोजिम हुने तथा कोष स्थानीयलाई जिम्मा दिनुपर्ने माग जायज ठहर्न सक्दैन । मापदण्डअनुसार योग्यता पुगेकालाई स्थान दिनुपर्ने विषयलाई मागपत्रमै लेखिनुले शंका उब्जाएको छ ।'

अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध महासंघ, नेपाल परम्परागत बौद्धधर्म संघ, लोटस रिसर्च सेन्टर तथा नेपाल मगर बौद्ध सेवा समाजले मायादेवी मन्दिरमा पूजापाठ गर्ने पुजारी नियुक्त गर्नुपर्ने मागप्रति असहमति जनाएका हुन् । यी संस्थाले लुम्बिनीको महत्त्व र संवेदनशीलतालाई दृष्टिगत यो विश्व सम्पदा क्षेत्रमा अशान्ति हुने कुनै किसिमका गतिविधि नगर्न सम्बन्धित सबैसँग अनुरोध गरेका छन् ।

# भारतीय विदेशसचिव मिस्री नेपाल आउँदै

**काठमाडौं (प्रस)–** परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्सालको मैत्रीपूर्ण निमन्त्रणामा भारतीय विदेशसचिव विक्रम मिस्रीले यही साउन २७ देखि २८ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्ने भएका छन् ।



दुई देशका विदेशसचिवबीच पारस्परिक हितका विषयलाई अगाडि बढाउने तथा सम्बन्ध थप सुदृढीकरण गर्नेलगायत विभिन्न विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले शुक्रबार जानकारी दिएको छ । भ्रमणका क्रममा भारतीय विदेशसचिव मिस्रीले नेपालका विशिष्ट व्यक्तिसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

यो भ्रमण दुई छिमेकी देशबीचको नियमित भ्रमण आदानप्रदानको निरन्तरता भएको बताइएकोसमेत परराष्ट्र मन्त्रालयले जनाएको छ । विदेशसचिव मिस्री साउन २८ गते काठमाडौंबाट स्वदेश प्रस्थान गर्ने कार्यक्रम छ ।

उनको भ्रमणले दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिनुका साथै छिमेकी पहिलो नीतिअन्तर्गत भारतले नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकतालाई प्रतिविम्बित गर्ने विश्वास लिइएको छ । नेपाल र भारतबीच सदियौं पुरानो सभ्यतागत, संस्कृतिक र जनता-जनताबीचको सम्बन्ध रहेको छ ।

# पोखरा उच्च अदालतको मुख्य न्यायाधीशमा डा. बागचन्द

**काठमाडौं (प्रस)–** न्याय परिषद्ले शुक्रबार बसेको बैठकले उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीश डा. रत्नबहादुर बागचन्दलाई उच्च अदालत पोखराको मुख्य न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने निर्णय छ ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा शुक्रबार बसेको बैठकले डा. बागचन्दलाई उच्च अदालत पोखराको मुख्य न्यायाधीशमा सिफारिस गरेको न्याय परिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीले जानकारी दिए ।

## ३५ जिल्ला न्यायाधीश नियुक्तिका लागि सिफारिस

परिषद्को बैठकले न्याय सेवाबाट २५, सरकारी वकिलबाट छ र कानुन सेवाबाट चारजना गरी ३५ जना जिल्ला न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको छ । परिषद्को जिल्ला न्यायाधीशमा सिफारिस गरेका जिल्ला न्यायाधीशहरूलाई प्रधानन्यायाधीशले नियुक्तिका लागि गर्ने संवैधानिक व्यवस्था रहेको छ । हाल सर्वोच्च अदातमा चार तथा उच्च अदालतमा १० न्यायाधीशको पद रिक्त रहेको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२६

यस कम्पनीको मिति २०८१/०३/११ मा सम्पन्न विशेष/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **अनार भुपेन्द्रनाथ हस्पीटल प्रा.लि. (प्रा.लि. नं. ९३८३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अनार भुवनेश्वर हस्पीटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२६

यस कम्पनीको मिति २०८१/०४/१७ मा सम्पन्न विशेष/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **वेष्टर्न विद्या निकेतन प्रा.लि. (प्रा.लि. नं. १७३७३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वेष्टर्न कलेज अफ बिजनेश स्टडिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/२६

यस कम्पनीको मिति २०८१/०३/१४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (रिभाईटलाईजड के. एस. बि. सप्लायर्स प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **(रिभाईटलाईजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि.)** को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०६१/०३/२८ को **रिभाईटलाईजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा. लि.** कायम गरिएको छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

(**प्रथम पटक प्रकाशित मिति:** २०८१/०४/२६)

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ११३ को १७९४.८३ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ३.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**वनकाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–४, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

(**प्रथम पटक प्रकाशित मिति:** २०८१/०४/२६)

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ८८ को १४३५.५० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बागफाल सामुदायिक वन उपभोक्ता समूह**
**बकैया–१, मकवानपुर**


## कतारमा रोजगार

कम्पनी : GOLDEN OPPORTUNITY FOR TRADING & CONTRACTING
शहर : Doha

पूर्व स्वीकृति मिति: २०८१/०४/२५ | LT. No.308684 | चलानी नं. ६०२२३३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३६,९२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 2 | 0 | 1200 | ४४,३१० | | | | | | | |
| 3 | General Clean Worker | 0 | 3 | 1000 | ३६,९२५ | | | | | | | |
| 4 | Plaster Technician | 2 | 0 | 1200 | ४४,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: EDEN GARDENS LLC

पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | LT. No. 308689 | चलानी नं. ६०२२३३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 50 | 0 | 900 | ३२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | LT. No. 308757 | चलानी नं. ६०२२३३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 200 | 0 | 800 | २९,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४४९/०६०/६१
**QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-5906456, 982-2959770, 9825849205,
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com

## युएईमा रोजगार

कम्पनी : EAGLE INTERNATIONAL GENERAL CONTRACTING L.L.C.
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति २०८१/०४/२५ | LT. No. : 308754 | चलानी नं.: ६०२२३३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist/nail Technician | 0 | 7 | 1500 | ५४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56
**Kasturi International Service Pvt. Ltd.**
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

## साउदीमा रोजगार

कम्पनी : MOWAH CLOSED JOINT STOCK COMPANY
शहर : Al Qadisiyyah Street Al Yasmin Riyadh

पूर्व स्वीकृति मिति २०८१/०४/२५ | LT. No. 308628 | चलानी नं. ६०२२३३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHABAB AL BARAKAT TRADING COMPANY

पूर्व स्वीकृति मिति: २०८१/०४/२५ | LT. No. 308659 | चलानी नं. ६०२२३३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Tailors | 1 | 0 | 1500 | ५३,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AIMS GENERAL CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति: २०८१/०४/२४ | LT. No. 308660 | चलानी नं. ६०२२३३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Shuttering | 10 | 0 | 1200 | ४३,९३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Block, Plaster,Ceramic) | 10 | 0 | 1200 | ४३,९३५ | | | | | | | |
| 3 | Steel Fixer Labour | 10 | 0 | 1200 | ४३,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४३५/०६०/०६१
| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/– उमेर ३६ देखि ५० : ने.रु.४९३१/– उमेर ५१ देखि ६४ : ने.रु.९४६३/– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।– रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रु.१५०० ।– रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee: रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

प्रभाव दैनिक

शनिबार, २६ साउन २०८१ (Saturday, August 10, 2024)

रूपशाला

## यम बरालको 'बाखा करायो' सार्वजनिक

गायक यम बरालले नयाँ गीत 'बाखा करायो' ल्याएका छन् । लोकदोहोरी शैलीको यो गीतमा यमलाई गायनमा शान्तिश्री परियारले साथ दिएकी छन् । गीतमा डीपी खनालको शब्द र यम बरालकै संगीत छ । गीतको भिडियोमा प्रेमिकालाई फकाउन प्रेमीले गरेको भूमिका रमाइलो ढंगमा देखाउन खोजिएको छ । भिडियोमा यम बराल, कृष गुरूङ, जुना कार्की र चाहना राना मगरको अभिनय छ । केशवराज भट्टले निर्देशन रहेको भिडियोमा विशाल थापाको छायांकन र दिप्सन शाहको सम्पादन छ ।



# रमेश विकलका 'समग्र कथा, उपन्यास र नाटक खण्ड' लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली आख्यान क्षेत्रका शीर्ष साधक रमेश विकलका समग्र कथा, उपन्यास र नाटक खण्ड लोकार्पण गरिएको छ । शुक्रबार गोकर्णेश्वरमा रमेश विकल साहित्य प्रतिष्ठानले एक कार्यक्रमको आयोजना गर्दै कथा, उपन्यास र नाटकको छुट्टाछुट्टै संग्रह सार्वजनिक गरेको हो ।

सार्वजनिक संग्रहले छरिएका कृतिलाई एकत्रित गरेको प्रतिष्ठानका महासचिव विजय चालिसेले बताए । 'धेरै सहयोगी हात र गोकर्णेश्वर नगरपालिकाको सहयोगले संग्रह निकाल्न सकेका हौं । साहित्यकार विकलले विसं २०१६ देखि विभिन्न कालखण्डमा लेख्नुभएका कथा, उपन्यास र नाटकलाई एकै ग्रन्थ बनाउन धेरै मेहनत गरेका छौं । केही छुटेका र अन्य रचनालाई पनि क्रमबद्ध रूपमा समट्ने छौं । अब साहित्यकार विकलका सिर्जनालाई एउटै ग्रन्थमा पढ्न पाइनेछ', उनले भने । महासचिव चालिसेले नगरपालिकाले साहित्यका विधामा यस्ता गतिविधिलाई प्रोत्साहित गर्ने गरेकामा धन्यवाद दिए ।

नगरपालिका प्रमुख दीपककुमार रिसालले एक संस्थामा साहित्यकार विकल अध्यक्ष हुँदा आफू सचिव भएर सहकार्य गरेको स्मरण गर्दै नगरपालिकाले उनको कृतिलाई संग्रहित गर्न पाउनु गौरवको विषय रहेको बताए । 'साहित्य क्षेत्रलाई संरक्षण गर्नु जनप्रतिनिधिको कर्तव्य नै हो । उहाँहरूलाई प्रोत्साहन गर्न हामीले नगरभित्रका एक र नगरबाहिर जुनसुकै स्थानको एक साहित्यकारलाई सम्मान गर्ने गरेका छौं । साहित्यकारलाई यस नगरमा अपनत्व महसुस होस् भनेर प्रकाशनमा सहयोग गरेर साहित्यलाई जीवन्त बनाउने प्रयासलाई आगामी दिनमा पनि निरन्तरता दिने छौं', उनले भने । नगर प्रमुख रिसालले नगरभित्र रहेका साहित्यकर्मीले रु एक लाख बराबरको स्वास्थ्य सेवा निःशुल्क प्राप्त गरिरहेको जानकारी गराए ।

संग्रहित ग्रन्थका सम्पादक ठाकुर शर्मा भण्डारीले साहित्यकार विकलको सिर्जनाको महत्व र त्यसको दूरदर्शिताको विषयमा चर्चा गरे । कार्यक्रममा रचनाका विषयमा साहित्यकार शार्दूल भट्टराई, गोपी मैनालीलगायतले समेत धारणा राखेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरे, नगरउपप्रमुख सान्नानी लामा, वडा नं ८ का अध्यक्ष राजीव थापालगायत विभिन्न साहित्यकर्मीको उपस्थिति रहेको थियो । सामाजिक यथार्थवादी आख्यानकार विकलको निधन विसं २०६५ पुस २ गते भएको थियो ।

# 'रावायण'को दोस्रो फस्टलुक

■ प्रभाव संवाददाता




**काठमाडौं –** आगामी भदौ २१ गतेबाट रिलिज हुने फिल्म 'रावायण'को दोस्रो फस्टलुक सार्वजनिक भएको छ । फस्टलुकमा फिल्मका नायक पल शाह र नायिका पुजा शर्मा फिचर्ड छन् । फस्टलुकमा पललाई केही गम्भीर भावमा देख्न सकिन्छ । नायिका पुजालाई भने रिसाएको देख्न सकिन्छ । उनले कसैलाई आँखा तर्किएर आफ्नो रिसाएको भाव देखाएकी छन् । दुवैको पृष्ठभूमिमा 'एसिड आक्रमण गर्ने अपराधीलाई कारवाही गर' भन्ने व्यानरसहित प्रहरी कार्यालय अगाडि प्रदर्शन गरिरहेका एक समूहलाई देख्न सकिन्छ । यो तस्वीर हेर्दा फिल्म एसिड आक्रमणविरुद्ध बोल्छ भन्ने बुझ्न सकिन्छ ।

यसअघि फिल्मको सार्वजनिक पलको सोलो फस्टलुकले बजारमा राम्रै चर्चा पाएको थियो ।

फिल्मका निर्देशक सुदर्शन थापा हुन् । सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त व्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् । फिल्ममा सुशन पाठक कार्यकारी निर्माता छन् ।

फिल्ममा पल शाह, पुजा शर्मा, प्रियंका काकी, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाललगायतको अभिनय छ ।

फिल्मको एक्सनपूर्ण टिजर पनि सार्वजनिक भइसकेको छ । टिजर सार्वजनिक भएसँगै पलको एक्सनको सबैले तारिफ गरेका छन् ।

फिल्ममा सुदर्शन थापाको कथा, शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तव र राज गौरवको ओरिजिनल हिन्दी स्क्रिप्ट, सौरभ लामाको छायांकन, मिलन श्रेष्ठको सम्पादन, प्रमोद श्रीनिवासनको साउण्ड डिजाइन, निरज सिंह, रेवन आरती सिंहको संगीत, नकासा अजिज, कुनाल गान्जावाला, सोनु कक्करको स्वर, डा. कृष्णहरि बराल र प्रदीप श्रीवास्तवको शब्द, रेवन आरती सिंहको ओरिजिनल ब्याकग्राउण्ड स्कोर, उमेश चौधरीको आर्ट डिरेक्सन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको एक्सन, समीर मियाँको भीएफएक्स, राजेन्द्र मोक्तानको कलर, विजय बस्यालको पोस्टर डिजाइन, नविन पुरीको प्रोडक्सन डिजाइन छ ।

फिल्मको वितरण आरआर फिल्मसले गर्नेछ भने डिजिटल पार्टनरको रूपमा ओएसआर डिजीटल रहेको छ ।

# नाटकसहित उपत्यका प्रचारमा 'बुलाकी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही साउन ३२ गतेदेखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'बुलाकी' नाटकसहित प्रचारमा निस्किएको छ । नौलो र भिन्न प्रचार गर्न निर्माण युनिट यतिबेला राजधानीका विभिन्न स्थानमा पुगेर सडक नाटक, नृत्य तथा गायन प्रस्तुति दिइरहेको छ ।

जहाँ स्थानीय दर्शकले बलियो साथ दिएका छन् । फिल्मले उठान गरेको कथावस्तु र प्रदर्शन मिति जानकारी गराउँदै दर्शक आकर्षण गर्न टोल-टोलमा पुगेको निर्माता तथा कलाकार बिराज विष्टले बताए ।

बिहीबार ललितपुरको लगनखेलमा फिल्म टिम पुगेर प्रस्तुति दिँदा सयौं दर्शकले साथ दिएका थिए । व्यवसायीक थिएटर कलाकार तथा मोडलहरूसँगै गायक गायिकासहित फिल्मको प्रचार अभियानलाई अघि बढाइएको छ । नारीप्रधान भनिएको फिल्मको कथावस्तुको परिधिमा रहेर जनचेतनामूलक सडक नाटक प्रस्तुत गरिएको विष्टले बताए ।

शुक्रबारदेखि अभिनेत्री सुरक्षा पन्त टिमसँग जोडिँदै छिन् । शुक्रबारबाट काठमाडौंका केही स्थानमा नाटक प्रदर्शन गरिएको छ । यो क्रम फिल्म रिलिजको अघिल्लो दिनसम्म चल्ने र काठमाडौंका मात्रै (डेढ दर्जन) १८ ठाउँमा प्रस्तुति दिइने निर्माताको भनाई छ । मुख्यतः मानिसहरूको बाक्लो भिडभाड हुने बसपार्क एरिया, विभिन्न पार्क, शान्तिवाटिका, भृकुटीमण्डप, विभिन्न सपिङ मल, खुल्ला मञ्च, वसन्तपुर, पाटन लगायतका ठाउँमा कलाकारसहित सिधा दर्शकसँग साक्षात् गर्ने कार्यक्रम रहेको निर्देशक लक्ष्मण सुनारले बताए ।

पश्चिम नेपालमा विद्यमान जारी प्रथाको कथा उठान गरेको फिल्मलाई निर्माण ब्यानर छत्रेश्वरी म्यानेजमेन्टले नेपाली मौलिक फिल्म भन्दै आएको छ । नेपाल सरकारबाट विशेष फिल्मको अवार्ड प्राप्त गरिसकेको यो फिल्मले समग्र नेपालको संस्कृति र रीतिरिवाजको प्रतिनिधित्व गर्ने सुनार बताउँछन् ।

फिल्ममा अभिनेत्री सुरक्षा पन्तसँगै अभिनेताद्वय नरेन खड्का र बिराज विष्ट र नव अभिनेत्री सरस्वती खत्री, लक्ष्मी गिरी, सुशील पोखरेल, रमेश बुढाथोकी, कुलद्विप अधिकारी, विनयराज पौडेललगायतका कलाकारलाई समेत फिल्मको अभिनयमा देख्न सकिनेछ ।



# नेपाल बुद्धिचाल महासंघ र काजकिस्तान चेस संघबीच सम्झौता



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल बुद्धिचाल महासंघ र काजकिस्तान चेस संङबीच उच्चस्तरिय चेस प्रशिक्षण सम्झौता भएको छ । नेपाल बुद्धिचाल महासंघका अध्यक्ष हेराकाजि महर्जन र काजकिस्तान चेस संघका कार्यकारी निर्देशक दौलेटोभा जीबी बीच दुई पक्षीय हस्ताक्षर भई नेपाली खेलाडीहरूलाई उच्चस्तरीय प्रशिक्षण दिने सम्झौता भएको हो ।

विश्व बुद्धिचाल महासंघ र एशिएन चेस फेडेरेशनको तत्वावधानमा हुने उच्चस्तरीय चेस प्रशिक्षण कार्यक्रमले चेस खेलको प्रचारप्रसार, चेस खेलको विकास र आपसि सहयोग स्थापाना हुने मूल उद्देश्य बोकेको छ ।

नेपाल बुद्धिचाल महासंघले चेस खेलको उन्नति र प्रगतिकालागि दुई पक्षीय सम्झौता गरे अनुसार पहिलो चरणको चेस प्रशिक्षण श्रावण १७ गते देखि आउने पुष १६ गते सम्म सञ्चालन हुने भएको छ ।

उक्त सम्झौतामा काजकिस्तान चेस संघले अन्तर्राष्ट्रिय ग्रायण्ड मास्टरलाई प्रशिक्षकको रूपका पठाउने, ब्राण्डेड टी-शर्त प्रदान गर्ने, चस ईन स्कुल कार्यक्रममा सहयोग गर्ने, खेल सामग्री प्रदान गर्ने, साइमलटानियस खेल प्रदर्शन गर्ने, वेवसाइत मार्फत समाचार संप्रेषण गर्ने र भौतिक रूपमा उपस्थित भएर गर्न सक्ने सहयोग प्रदान गर्ने उल्लेख गरिएको छ ।

यस्तै नेपाल बुद्धिचाल महासंघले प्रशिक्षण दिन राम्रो स्थानको व्यवस्था गर्ने, नेपाली शीर्ष खेलाडीहरूलाई प्रशिक्षणमा सहभागी गराउने, विदेशी प्रशिक्षकको लागि बस्ने र खाने व्यवस्था गर्ने, नेपाल स्थित अभिभावकीय खेलकुद निकाय सँग समन्वयात्मक भूमिका खेल्ने उल्लेख गरिएको छ ।

नेपाल बुद्धिचाल महासंघले सेप्टेम्बर १० देखि हंगेरीमा हुने ४५ औं चेस ओलम्पियाडलाई लक्षित गरेर पहिलो पटक अन्तर्राष्ट्रिय ग्राण्ड मास्टरद्वारा उच्चस्तरीय चेस प्रशिक्षण शुरु गरेको हो । बुढापेष्टमा हुने खेल प्रतिस्पर्धा दौरान काजकिस्तानी ग्रायण्ड मास्टर जिएम मुर्तजा टोलि सँगै रहने भएको छ ।

नेपालले सहभागी जनाउने पुरुष र महिला दुवै विधामा महासंघले पदक प्राप्त गर्ने गरि तयारी सुरू गरेको छ । नेपाल बुद्धिचाल महासंघले चेस ओलम्पियाड तयारी सम्बन्धमा नेपाल च्याम्पियन राजन सुबेदीले सन्तुष्ट जनाएका छन् ।

उनले भने, 'महासंघले बाहिर जिल्लाका खेलाडीलाई होटलमा राखेर सुपर ग्रायण्ड मास्टरले प्रशिक्षण प्रदान गर्नु हाम्रो लागि गौरवको बिषय हो । हामी खेलाडीलाई यसले ठूलो उत्प्रेरणा मिलको छ । हामी पदकको लागि खेल्ने छौं ।' गोवाका लागि अबाविहले पहिलो मिनेटमै गोल गरेका थिए । यस्तै ५०औं मिनेटमा शितरोएले गोल गर्दै गोवाको अग्रता दोब्बर पारे । आर्मीका लागि बसन्त जिम्बाले ६६औं मिनेटमा गोल गर्दै गोल अन्तर घटाएका थिए । तर त्यसपछि गोल थप्न सकेन ।

लगातार दोस्रो हारपछि आर्मीको नकआउट चरणमा प्रवेश गर्ने सम्भावना पनि सकिएको छ । दुई खेलबाट आर्मी अंकविहिन छ । ६ समूहमा विभाजन गरेर खेलाइएको प्रतियोगितामा ६ समूहका विजेता र उपविजेतामध्ये उत्कृष्ट २ टोली क्वाटरफाइनल प्रवेश गर्नेछन् । आर्मीले समूह चरणको अन्तिम खेल १३ अगस्टमा घरेलु टोली रङ्दाजेइद युनाइटेड एफसीसँग खेल्नेछ ।

डुरान्ड कप

# त्रिभुवन आर्मीको लगातार दोस्रो हार

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालको त्रिभुवन आर्मी एफसीले भारतमा जारी डुरान्ड कप फुटबलमा लगातार दोस्रो हार व्यहोरेको छ । समूह एफको आफ्नो दोस्रो खेलमा बिहीबार आर्मी एफसी गोवासँग २-१ ले पराजित भएको हो ।

यसअघि पहिलो खेलमा आर्मी घरेलु टोली शिलोङ लाजोङसँग १-० को हार बेहोरेको थियो । मेघालयस्थित जवाहरलाल नेहरू स्टेडियममा भएको खेलको पहिलो मिनेटमै आर्मीले गोल खाएको थियो ।

# पाकिस्तानका नदिमले जिते स्वर्ण

**पेरिस (एजेन्सी)–** पेरिस ओलम्पिकमा पाकिस्तानका अर्साद नदिमले स्वर्ण पदक जितेका छन् । ज्याभलिन थ्रोमा उनले ओलम्पिक कीर्तिमान कायम गर्दै साबिक विजेता तथा विश्व विजेता भारतीय खेलाडी नीरज चोपरालाई पछि पारे। सो स्पर्धामा ग्रेनडाका एन्डरसन पिटर्सले कास्य पदक जिते ।

कोभिडबाट सङ्क्रमित हुनुको बाबजुद पौडिएका तीन पटकका विश्व च्याम्पियन अमेरिकी नोह लायस दुई सय मिटर दौडमा तेस्रो भए। सो स्पर्धामा बोत्सवनाका लेटसिलो टेबोगोले स्वर्ण तथा अमेरिकाका केनेथ बेडरनेकले कास्य पदक जिते । १०० मिटरमा स्वर्ण जितेका लायसले गत विश्व च्याम्पियनसिपमा पनि शानदार प्रदर्शन गर्दै स्वर्ण पदक जितेका थिए । पेरिस ओलम्पिकमा बिहीबारको खेल सकिँदा अमेरिका ३० स्वर्ण सहित शीर्ष स्थानमा छ ।

# एएफसी च्यालेन्ज लिगको प्लेअफको तयारी अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** ए डिभिजन क्लब चर्च ब्वाइज युनाइटेडले एएफसी च्यालेन्ज लिगको प्लेअफका लागि तयारी अन्तिम चरणमा पुगेको जनाएको छ ।

शुक्रबार ललितपुरस्थीत एन्फा कम्प्लेक्समा पत्रकार सम्मेलन गर्दै चर्च ब्वाइजले साउन २९ गते दशरथ रंगशालामा हुने उक्त खेलको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएको हो ।

उक्त खेलका लागि चर्च ब्वाइजले ३ विदेशी सहित २३ जना खेलाडी अनुबन्ध गरेको जनाएको छ । टोलीको कप्तानी अनन्त तामाङ र उपकप्ताको जिम्मेवारी एरिक विष्टले पाएको मुख्य प्रशिक्षक बालगोपाल महर्जनले जानकारी दिए ।

उनले टिमप्रति सन्तुष्ट रहेको र राम्रो नजिता आउने बताए । छोटो समयमा पनि टीमले तयारी गरेको र यसबीचमा भएको आन्तरिक मैत्रीपूर्ण खेल राम्रो देखिएको उनको भनाइ छ ।

महर्जनले भुटानी टोली पारो एफसीको टिममा विदेशी खेलाडी धेरै भए पनि चर्च ब्वाइजले होम ग्राउन्डका फाइदा उठाउने विश्वास व्यक्त गरे । उक्त खेलका लागि साधारण प्यारापिट तर्फको टिकट रु दुई सय र भिआइपी प्याराफिटको टिकट ५ सय रूपैयाँ निर्धारण गरिएको छ । यस खेलसंगै दशरथ रंगशालाको अन्तर्राष्ट्रिय मान्यता पनि फर्किएको छ । प्लेअफको विजेताले एएफसी च्यालेन्ज लिगको समूह चरण खेल्नेछ । समूह चरणका खेलहरू अक्टोबर २६ देखि हुनेछ ।



क्यालिफोर्नियाको तेहामा काउन्टीको मिल क्रिक क्षेत्रमा भएको पार्क आगलागी नियन्त्रणका क्रममा फायर लाइनबाट हिँड्दै अग्निनियन्त्रक टोली। क्याल फायरका अनुसार दुई हप्तामा आगलागीले लगभग चार लाख १४ हजार ४२ एकड (एक लाख ६७ हजार ५५७ हेक्टर) ३४ प्रतिशत क्षेत्र जलेको छ। *तस्बिरः एएफपी*

# जापानका प्रधानमन्त्री किशिदाले रद्द गरे विदेश भ्रमण

**टोकियो–** जापानमा सम्भावित 'महाभूकम्प'को पूर्वतयारी गर्नुपर्ने भूगर्वविद्ले चेतावनी दिएपछि जापानका प्रधानमन्त्री फुमियो किशिदाले शुक्रबार मध्य एसियाको भ्रमण रद्द गरेका छन्। जापानको दक्षिणी क्षेत्रमा ७.१ म्याग्निच्युडको भूकम्पका कारण बिहीबार आठ जना घाइते भएपछि जापानको मौसम विज्ञान निकाय (जेएमए) ले बिहीबार परामर्श जारी गरेको हो।

किशिदाले शुक्रबारदेखि कजाकिस्तान, उज्बेकिस्तान र मंगोलियाको भ्रमण गर्ने कार्यक्रम थियो। उनले क्षेत्रीय शिखर सम्मेलनमा पनि भाग लिने कार्यक्रम तय भएको थियो। 'प्रधानमन्त्रीको हैसियतमा संकट व्यवस्थापनको सर्वोच्च जिम्मेवारी भएकोले मैले कम्तीमा एक हप्ता जापानमा नै रहने निर्णय गरें,' उनले भने।

किशिदाले सन् २०११ मा गएको ९.० म्याग्निच्युडको शक्तिशाली भूकम्पपछि जापानको मौसम पूर्वानुमान निकायले तयार पारेको नयाँ प्रणालीअन्तर्गत पहिलो परामर्श जारी गरेपछि जनता



निकै चिन्तित भएको हुनसक्ने र यस्तो अवस्थामा विदेश जानु राम्रो नहुने निष्कर्षमा पुगेको बताएका छन्। जापानको मौसम पूर्वानुमान निकायले भनेको छ, 'नयाँ ठूलो भूकम्पको सम्भावना सामान्यभन्दा बढी छ, तर यो कुनै ठूलो भूकम्प पक्का आउने संकेत होइन।'

दक्षिणी टापु क्युशूमा बिहीबार गएको भूकम्पका कारण ट्राफिक बत्ती र कारहरू हल्लिएका थिए र भाँडाकुँडाहरू आलमारीबाट खसेका थिए, तर कुनै गम्भीर क्षति भने भएको थिएन। आगलागी तथा विपद् व्यवस्थापन निकायले भूकम्पका कारण ठूलो क्षति नपुगेको तर केही व्यक्ति घाइते भएको जनाएको छ। चारवटा प्रमुख टेक्टोनिक प्लेटको टुप्पोमा रहेको १२ करोड ५० लाख जनसंख्या रहेको जापानी द्वीपसमूहमा सानाठूला गरी हरेक वर्ष करिब एक हजार ५०० वटा भूकम्प जाने गरेका छन्। उन्नत भवन प्रविधि र राम्रो आपत्कालीन उद्धार अभ्यासका कारण ठूला कम्पनमा पनि प्रभाव सामान्य रहनु जापानी विशेषता हो।

सरकारले आगामी ३० वर्षमा महाभूकम्प जाने सम्भावना ७० प्रतिशत रहेको बताएको छ। यसले जापानको प्रशान्त महासागरीय तटको ठूलो भूभागलाई प्रभावित गर्नसक्ने र सबैभन्दा खराब अवस्थामा अनुमानित तीन लाख मानिसहरूको ज्यान जोखिममा पार्नसक्ने विज्ञहरूले बताएका छन्। *रासस/एएफपी*

# युनुसले लिए अन्तरिम सरकारको नेतृत्व

**ढाका–** नोबेल पुरस्कार विजेता मुहम्मद युनुसले बिहीबार बंगलादेशको अन्तरिम सरकारको प्रमुखका रूपमा शपथ लिएका छन्।

उनका लागि अब प्रमुख कार्य बंगलादेशमा शान्ति पुनःस्थापित गर्ने र हप्तौंको हिंसापछि नयाँ निर्वाचनको तयारी गर्नु रहेको छ। हप्तौंको हिंसामा विद्यार्थी कार्यकर्ताहरूले पूर्वप्रधानमन्त्री शेख हसिनाको १५ वर्षको निरंकुश शासनविरुद्ध विद्रोहको नेतृत्व गरेका थिए।

बंगलादेशका राष्ट्रपति मोहम्मद शाहबुद्दिनले राष्ट्रपति भवन ढाकामा विदेशी कूटनीतिज्ञ, नागरिक समाजका सदस्य, शीर्ष व्यापारीहरू र पूर्वविपक्षी दलका सदस्यहरूको उपस्थितिमा युनुसलाई मुख्य सल्लाहकारका रूपमा उनको भूमिकाको शपथ गराए। मुख्य सल्लाहकार प्रधानमन्त्री पद बराबर हो। शपथ ग्रहण समारोहमा हसिनाको पार्टीका कुनै पनि प्रतिनिधि सहभागी थिएनन्।

अन्तरिम मन्त्रिपरिषद्मा मुख्यरूपमा नागरिक समाजका सदस्य र विद्यार्थी आन्दोलनका दुई नेतासहित १६ जनालाई सहभागी गराइएको छ। यो साता विद्यार्थी नेता, नागरिक समाजका प्रतिनिधि र सेनाबीच भएको छलफलमा



मन्त्रिपरिषद्का सदस्य युनुसलाई अन्तरिम नेताका रूपमा चयन गरिएको थियो।

सरकारी सेवामा आरक्षण प्रणालीको विरोधमा जुलाईमा सुरु भएको धेरै साताको अराजक प्रदर्शनपछि सोमबार हसिनाले पदबाट राजीनामा गरेकी थिइन्। आलोचकहरूले आरक्षण प्रणालीले हसिनाको पार्टीसँग सम्बन्ध भएका मानिसको पक्ष लिएको बताएका थिए। बढ्दो हिंसाका बीच विद्यार्थीसहित ३०० भन्दा बढीको मृत्यु भएपछि विरोध प्रदर्शन चाँडै नै हसिनाको १५ वर्षको शासनका लागि ठूलो चुनौती बन्यो।

सन् २००६ मा नोबेल शान्ति पुरस्कार प्राप्त गरेका युनुस उनलाई अन्तरिम भूमिका निर्वाह गर्नका लागि चयन गर्दा २०२४ ओलम्पिकका लागि फ्रान्सको राजधानी पेरिसमा थिए। उनी कडा सुरक्षाबीच ढाका विमानस्थलमा बिहीबार स्वदेश फर्किए।

आफ्नो आगमनपछिको पहिलो टिप्पणीमा उनले आफ्नो प्राथमिकता व्यवस्था पुनःस्थापना गर्नु रहेको बताए। 'बंगलादेश एउटा परिवार हो, हामीले यसलाई एकजुट गर्नुपर्छ,' उनले विद्यार्थी नेताहरूसँग भने, 'यसको सम्भावना अपार छ।'

बुधबार पेरिसमा युनुसले शान्ति र सबै पक्षपातपूर्ण हिंसा अन्त्य गर्न आह्वान गरेका थिए। यसैबीच एएफपीका अनुसार युनुसको मन्त्रीमण्डलमा एक दर्जनभन्दा धेरै सदस्यले शपथ लिएका छन्। उनीहरू मन्त्री नभएर सल्लाहकारको पदमा छन्। सल्लाहकार सदस्यहरूमा स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन ग्रुपका शीर्ष नेताहरू नाहिद इस्लाम र आसिफ महमुद छन्। उनीहरूले हप्तौं लामो विरोध प्रदर्शनको नेतृत्व गरेका थिए।

अन्यमा पूर्वविदेशसचिव तौहिद हुसेन र पूर्वमहान्यायाधिवक्ता हसन आरिफ छन्। पुरस्कार विजेता पर्यावरण वकिल सैयदा रिजवाना हसन र कानुनका शीर्ष प्राध्यापक तथा लेखक आसिफ नजरुलले पनि पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रमुख मानवाधिकार कार्यकर्ता आदिलुर रहमान खानले पनि सल्लाहकारका रूपमा शपथ लिएका छन्। उनीलाई हसिना सरकारले दुई वर्षको जेल सजाय सुनाइएको थियो। *रासस/एपी*

# युद्धविराम वार्ता पुनः सुरु गर्न इजरायल सहमत

**गाजा क्षेत्र–** विश्वव्यापी आग्रह र अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताहरूको अनुरोधमा अगस्ट १५ देखि गाजा युद्धविराम वार्ता पुनः सुरु गर्न इजरायल सहमत भएको प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जनाएको छ। गाजास्थित हमास नियन्त्रित नागरिक सुरक्षा निकायले दुईवटा विद्यालयमा गरिएको इजरायली आक्रमणमा बिहीबार पनि १८ जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ। नोभेम्बरमा एक हप्ता लामो युद्धविरामपछि मध्यस्थकर्ताहरूले युद्ध अन्त्य र शान्ति स्थापनाका लागि दोस्रो युद्धविरामको प्रयास गरेका छन्।

बिहीबार संयुक्त वक्तव्य जारी गर्दै तीन देशका नेताहरूले युद्धरत पक्षहरूलाई अगस्ट १५ मा दोहा वा कायरोमा पुनः वार्ता गरी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरेका छन्। मध्यस्थकर्ताहरूले सम्झौता ढाँचा प्रस्तुत गरिसकिएको जनाउँदै कार्यान्वयनका लागि सहमतिको विवरणसहित निष्कर्षमा पुग्न बाँकी रहेको उल्लेख गरेका छन्। नेतान्याहुको कार्यालयले इजरायलले अगस्ट १५ मा सम्झौता कार्यान्वयनको विवरण तयार गर्न तोकिएको स्थानमा वार्ता टोली पठाउने जनाएको छ। गाजामा बन्दी बनाइएकाहरूको रिहाइ र सहायता वितरणलगायतका विषयमा चरणबद्धरूपमा छलफल गर्ने विषयमा युद्धविराम सम्झौता केन्द्रित हुने छ।

यो युद्धविरामसम्बन्धी छलफल अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रस्तावित ढाँचामा केन्द्रित रहेको जनाइएको छ जुन ढाँचा इजरायली प्रस्तावमा तयार भएको हो। अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा नेतान्याहूले सम्झौतामा रोक लगाएको सुझावलाई अस्वीकार गर्दै पत्रकारहरूलाई इजरायल युद्धविराम वार्ताप्रति पूर्वाग्रही रहेको जानकारी दिएका छन्। *रासस/एएफपी*

# आगामी साता बाइडेन र हयारिसले अभियानलाई संयुक्तरूपमा नेतृत्व गर्दै

**रेहोबोथ बिच, संयुक्त राज्य अमेरिका–** अमेरिकी राष्ट्रपति जो बाइडेनले राष्ट्रपतीय निर्वाचनबाट बाहिरिने घोषणापछि पहिलोपटक उनी र उपराष्ट्रपति तथा डेमोक्रयाटिक पार्टीका उम्मेदवार कमला हयारिसले आगामी साता आफ्नो दलको चुनावी अभियानको संयुक्त नेतृत्व गर्ने भएका छन्।

नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचनबाट रिपब्लिकन नेता ट्रम्पविरूद्धको प्रतिस्पर्धाबाट पछि हट्ने निर्णयपछि बाइडेनको यो पहिलो चुनावी सम्बोधन हुने छ। आफ्नो कार्यकालको अन्तिम महिनाहरूमा आफ्नो विरासतलाई जोगाउन र नयाँ डेमोक्रयाटिक उम्मेदवारलाई जिताउने अभियानमा राष्ट्रपति बाइडेनले अगस्ट १५ मा वासिङ्टन नजिकै मेरिल्याण्ड राज्यमा आयोजना हुने कार्यक्रममा उपराष्ट्रपतिको साथमा उपस्थित भएर समर्थकलाई हौसला प्रदान गर्ने घोषणा गरेका हुन्।

ह्वाइट हाउसले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेताद्वयले अमेरिकी जनताका लागि लागत घटाउन गरिरहेको कार्यक्रमलाई अभियानका क्रममा समर्थकमाझ सार्वजनिक गर्ने छ।' अमेरिकाको मुद्रास्फीति कमजोर भएको अवस्थामा नोभेम्बरमा हुने चुनावमा आफ्नो एजेन्डालाई कसरी अघि प्रस्तुत गर्ने छ यो अमेरिकी मतदाताले हेरिरहेको गम्भीर विषय हो।

बाइडेनले आफ्नो उमेर र मानसिक तीक्ष्णताको बारेमा चिन्ता व्यक्त गरिएको ट्रम्पविरुद्धको कमजोर बहसपछि पदबाट राजीनामा दिने घोषणा गरेका थिए। अमेरिकी इतिहासमा पहिलो महिला, अश्वेत र दक्षिण एसियाली मुलकी उपराष्ट्रपतिले भव्य जुलुसहरूको एकपछि अर्को शृंखला प्रदर्शन गर्न सफल भएकी छन्। अभियानमा बढ्दो सहभागिता, अत्यधिक चन्दा संकलनसँगै हयारिसले रिपब्लिकन पार्टीका तर्फबाट अमेरिकालाई एकपटक राजनीतिक नेतृत्व दिइसकेका पूर्वराष्ट्रपति ट्रम्पको चुनावी अग्रतामा चुनौती खडा गरिसकेकी छन्।

डेलावेयरस्थित आफ्नो घरमा लामो बिदा बिताइरहेका राष्ट्रपति बाइडेनले अगस्ट १९ देखि सिकागोमा सुरु हुने डेमोक्रयाटिक पार्टीको राष्ट्रिय सम्मेलनसम्म हयारिसको समर्थनमा ठूलो राजनीतिक उपस्थिति जनाउने अपेक्षा गरिएको थिएन। तर, अमेरिकी राजनीतिमा झण्डै पाँच दशक लामो करिअरबाट बाहिरिने तयारीमा रहेका डेमोक्रयाट बाइडेन आफ्नो विरासतलाई अगाडि बढाउन इच्छुक रहेको संकेत अभियानमा सहभागी हुने पछिल्लो घोषणाबाट पनि देखिएको छ। यसको एउटा हिस्सा उनको प्रतिद्वन्द्वी र सन् २०२० को चुनावमा उनले पराजित गरेका व्यक्ति ट्रम्पविरुद्ध हयारिसको विजय सुनिश्चित गर्न हरसम्भव प्रयास गर्नु हो।

गत हप्ता बाइडेनले अमेरिकी पत्रकार इभान गेर्शकोभिच र अन्य बन्दीहरूलाई स्वागत गर्दा बाइडेनको पक्षमा हयारिसको उपस्थिति निकै स्पष्ट देखिएको थियो। समाचार संस्था पोलिटिकोका अनुसार हयारिस अब पेन्सिलभेनिया र मिशिगनजस्ता निर्वाचनमा अति प्रतिस्पर्धा हुने राज्यहरूमा बाइडेनलाई मिलेको समर्थनलाई सुरक्षित गर्न चाहन्छन्। *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERVEU

पूर्व स्वीकृति मितिः २०८१/०४/२५ | LT. No. 308778 | चलानी नं. ६०२२३३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 50 | 10 | 2100 | ७६,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LIFE GUARDS/SWIMMING POOL | 5 | 5 | 1700 | ६२,२४० | | | | | | | |
| 3 | OFFICE BOY | 10 | 0 | 1200 | ४३,९३५ | | | | | | | |
| 4 | OFFICE GIRLS | 0 | 10 | 1200 | ४३,९३५ | | | | | | | |
| 5 | CLEANERS | 0 | 70 | 1000 | ३६,६१० | | | | | | | |
| 6 | PLUMBER | 5 | 0 | 1700 | ६२,२४० | | | | | | | |
| 7 | ELECTRICIAN (GENERAL) | 5 | 0 | 2000 | ७३,२२५ | | | | | | | |
| 8 | MASON FOR PLASTER/BLOCK | 5 | 0 | 1600 | ५८,५८० | | | | | | | |
| 9 | PAINTER WALL | 5 | 0 | 1600 | ५८,५८० | | | | | | | |
| 10 | GARDENER | 20 | 0 | 1500 | ५४,९२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Licence No.: 811/065/066

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## साउदीमा रोजगार

कम्पनी : UNION SUPPORT SERVICES CONTRACTING COMPANY

शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०४/२५ | LT. No. 308638 | चलानी नं. ६०२२३३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २ गते (18th Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Reliance Recruitment Services Pvt. Ltd. | श्रम इजाजत नं. ९७१/०६७/०६८

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763

Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## Free Visa!! Free Ticket!!
## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHARAFI GLOBAL FOR GEN TRADING AND CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/२५ | LT. No. 293951 | चलानी नं. ६०२०९११८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 12 | 0 | 125 | ५४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Barista | 15 | 15 | 125 | ५४,१५० | | | | | | | |
| 3 | Cook | 30 | 15 | 135 | ५८,४८५ | | | | | | | |
| 4 | Waiter | 30 | 20 | 115 | ४९,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ।

कम्पनी : SEAZEN HOSPITALITY RESTAURANTS ADN MANAGEMENT & CATERING CO.

पूर्व स्वीकृति मिति २०८०/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/२५ | LT. No. 294466 | चलानी नं. ६०२०९६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 40 | 0 | 125 | ५४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner / Steward | 50 | 0 | 110 | ४७,६५५ | | | | | | | |
| 3 | Hostess | 0 | 20 | 150 | ६४,९८० | | | | | | | |
| 4 | Waiter | 0 | 15 | 135 | ५८,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

VISION & VALUE OVERSEAS PVT. LTD. | श्रम इजाजत नं. ६२२/०६६/०६७

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450

Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832

Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १४६६०० | प्रति तोला - - | प्रति तोला - १६९०



**बारीको लौका बजारतिर** | कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ सुन्दरीफाँटाका किसान बारीमा फलेको लौका टिप्दै । व्यावसायिक तरकारी खेती गरेर सुन्दरीफाँटाका दुई दर्जनभन्दा बढी किसानले गतिलो आम्दानी हात पार्दै आएका छन । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

**आर्थिक मन्दीको प्रभाव**

# उद्योग व्यवसाय बन्द हुने क्रम बढ्दो

■ **प्रभाव संवाददाता**

**म्याग्दी–** म्याग्दी जिल्लामा उद्योग व्यवसाय दर्ताको तुलनामा खारेजी हुनेको दर बढेको छ । आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ मा उद्योग व्यवसाय खारेज ५१.१९ प्रतिशतले बढेको र दर्ता ६६ प्रतिशतले घटेको उद्योग तथा पर्यटन कार्यालय म्याग्दीले जनाएको छ ।

आव २०८०/८१ मा दुई सय ११ उद्योग, व्यवसाय दर्ता भएको कार्यालयमा ८४ खारेज भएका छन् । कार्यालयका अनुसार २०८०/ ८१ मा ३१ उद्योग र ५३ व्यवसायिक फर्म खारेज भएका हुन् । आव २०७९/८० मा १४ उद्योग र २९ व्यवसायिक फर्म खारेज भएका थिए । सो अवधीमा एक सय एक वटा उद्योग र एक सय १० वटा व्यवसायिक फर्म दर्ता भएका उद्योग तथा पर्यटन कार्यालयका प्रमुख पोषानाथ शर्माले बताए । आव २०७७/७८ मा सात सय ६२, २०७८/७९ मा पाँच सय ७० र २०७९/८० मा तीन सय १७ वटा उद्योग र व्यवसायिक फर्म दर्ता भएका थिए । म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले कोरोना महामारी पछि आर्थिक मन्दीका कारण उद्यमी व्यवसायीहरू बिदेश पलायन हुने र अन्य पेसा रोज्ने क्रम बढेको बताए ।

'व्यवसाय दर्ता तथा खारेजी बढ्नु र दर्ता घट्नुलाई कोभिड पछिको आर्थिक मन्दिको असरका रूपमा लिएका छौं,' उनले भने, 'वैदेशिक रोजगारका लागि कारोबार देखाउन, बैंकबाट ऋण र राज्यबाट अनुदान लिन कागजी प्रक्रीया पुरा गर्न दर्ता भएका उद्योग र ब्यवसाय उद्देश्य पुरा भएपछि कर तिरिरहनु भन्दा खारेज गर्नेहरू पनि छन् ।' जिल्लामा फेन्सी, हार्डवयर्स र होटल तथा रेष्टुरेष्टको ब्यापार घटेपनि सटरनै बन्द नभएका अध्यक्ष श्रेष्ठको दावी छ । उद्योग वाणिज्य संघको चुनावी प्रयोजनका लागि दर्ता भएका ब्यवसायिक फर्महरू पनि पछिल्लो समय स्थानीय तह, उद्योग तथा पर्यटन कार्यालय र आन्तरिक राजस्व कार्यालयमा कर तिर्नुपर्ने भएपछि बन्द गर्न थालेका छन् ।

उद्योग तथा ब्यवसाय दर्ता र नविकरणबाट उद्योग तथा पर्यटन कार्यालयले संकलन गर्ने राजस्वमा पनि गिरावट आएको छ । आव २०७९/८० मा रु १९ करोड ४७ हजार राजस्व संकलन गरेको कार्यालयले आव २०८०/८१ मा रु. १७ लाख ३८ हजार ५०० राजस्व संकलन गरेको छ । गत वर्ष ३२२ उद्योग र ३९४ व्यवसायिक फर्मले नवीकरण गरेका थिए । गत वर्ष दर्ता भएका उद्योगहरूमा ३०६ जनालाई रोजगारी सिर्जना भएको छ । जिल्लामा हाल दुई हजार आठ सय ८९ उद्योग र दुई हजार पाँच सय ४३ व्यवसाय कायम भएका छन् ।

# पोर्टको अनुगमनमा मन्त्री भण्डारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारतको आन्ध्र प्रदेशस्थित विशाखापट्टनम पोर्टको शुक्रबार अनुगमन गरेका छन् । उनले अनुगमनका क्रममा त्यहाँका आयात नियमन गर्ने पोर्टका आधिकारिक व्यक्ति र शिपिङ कम्पनीसँग अन्तरक्रियासमेत गरेको मन्त्रीको सचिवालयले जनाएको छ ।

त्यस अवसरमा मन्त्री भण्डारीले आयात तथा निर्यातकर्तासँग नेपाल आयात हुने वस्तु तथा सेवा र निर्यातका पक्षबारे छलफल गरेका थिए । उनलाई आयात तथा निर्यातकर्ताले नेपाल सरकारले गर्नुपर्ने आवश्यक सहायताका विषयमा ध्यानाकर्षण गराए । मन्त्री भण्डारीले आयात तथा निर्यातमा नेपाल सरकारका तर्फबाट हुने आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउँदै भारत सरकारसँग पनि आवश्यक सहयोगका लागि पहल गर्ने बताए ।

मन्त्री भण्डारीले सो क्रममा नेपालको आयात तथा निर्यातमा सघाउन स्थानीय आयात तथा निर्यातकर्तासँग आग्रह गरे । उनलाई पोर्टका कर्मचारीले नेपालको आयात निर्यातबारे जानकारी गराएका थिए । सो क्रममा मन्त्री भण्डारीलाई त्यहाँका प्रतिनिधिले व्यापारिक समस्याबारे जानकारी गराएको थियो ।

# टेलिकमको गुणस्तर सुधारमा जोड

**गण्डकी (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल टेलिकमको गुणस्तर सुधारका लागि सक्षम नेतृत्व र चुस्त व्यवस्थापनको खाँचो औंल्याएका छन् ।

पोखरास्थित टेलिकमको प्रादेशिक तथा जिल्ला कार्यालयको निरीक्षणका क्रममा उनले टेलिकमको सेवालाई समयसापेक्ष ढङ्गले रूपान्तरण गर्दै लैजानुपर्ने बताए । 'अहिलेको अवस्थाबाट नेपाल टेलिकमलाई सुधार गर्न सकिएन भने आउँदा केही वर्षमा टेलिकम सङ्कटमा पर्नसक्छ', मन्त्री गुरुङले भने, 'तीन/चार वर्षअघि रु ६० अर्ब आम्दानी हुने गरेकामा अहिले कसरी रु ३० अर्बमा झर्‍यो अब समीक्षा गर्ने बेला आएको छ ।' मन्त्री गुरुङले इन्टरनेट सेवाको विस्तारले नेपाल टेलिकमको भ्वाइस तथा डाटाको प्रयोग कम हुँदै गएको उल्लेख गर्दै टेलिकमले सोही किसिमको प्रविधि र जनशक्ति तयार गर्नुपर्ने बताए ।

# जंगली रातो च्याउको माग सहरदेखि विदेशसम्म

**गलेश्वर (म्याग्दी)–** यहाँको मालिका गाउँपालिका-५ देवीस्थानका रेशम बूढामगर हिजोआज जङ्गलमा रातो च्याउ खोज्नमा व्यस्त छन् । बर्खायाम सुरु भएपछि पश्चिम म्याग्दीको मालिका गाउँपालिका-२ रुमकी देविकला घर्तीको परिवारका सदस्यहरू च्याउ खोज्न जङ्गलमै दिन बिताउने गर्छन् । ओसिलो जङ्गलका पुराना रुख र ठुटामा पाइने रातो च्याउ खोज्न रेशम र देवीकला मात्रै होइनन्, साउन दोस्रो सातादेखि पश्चिम म्याग्दीका रुम, दिच्याम, मुना, मुदी, लुलाङ, गुर्जा, देवीस्थान, विमलगायतका गाउँका स्थानीयवासी व्यस्त छन् ।

गाउँको होमस्टेदेखि सहरका तारे होटेल र विदेशसमेत रातो च्याउको माग भएकाले महङ्गोमा बिक्री हुने गर्छ । रातो च्याउको मूल्य यस वर्ष आलो प्रतिकिलो रु दुईहजार र सुकाएको रु पाँच हजारसम्ममा बिक्रि हुने गरेको छ । जिल्लाको धवलागिरि, मालिका, रघुगङ्गा र मङ्गला गाउँपालिकाको अधिकांश जङ्गलमा रातो च्याउ पाइन्छ । जङ्गलमा जोखिम मोलेर रातो च्याउ टिपेर ल्याउनुपर्ने भएकाले यसको मूल्य महङ्गो भएको रुमकी देविकला घर्तीले बताइन् ।



प्रोटिन र भिटामिनका लागिसमेत राम्रो मानिने जङ्गली रातो च्याउ म्याग्दीका ग्रामीण वस्तीमा पुग्ने जो कोहीले रुचाउने परिकार हो । घरबासमा आउने अधिकांशले रुचाउने परिकारमध्ये रातो च्याउ भएको मुना घरबासका सञ्चालक राधिका भण्डारीले बताइन् ।

'घरवासमा आउने जो कोहीले खान र कोशेलीका लागि रातो च्याउ खोज्ने गर्छन्', भण्डारीले भनिन्, 'पाहुनाले युरोप अमेरिकासमेत कोशेलीका लागि यही च्याउ किनेर लैजाने गरेका छन् ।'

गत सालसम्म प्रति किलो रु आठ सयदेखि रु एक हजारसम्ममा बिक्रि भएको रातो च्याउको मूल्य यस वर्ष रु दुई हजार पुगेको छ । सुकाएको रातो च्याउ आलोको तुलनामा महङ्गो भएको व्यापारी जगमाया पुन मगरले बताइन् । हालसम्म रातो च्याउको व्यावसायिक बजारीकरण नभएको रुमका स्थानीयवासी टेकबहादुर घर्तीले बताए । जङ्गलमा भर्खरै पलाएको च्याउ टिप्न थालेपछि उत्पादन घट्न थालेको र मूल्य वृद्धि भएको घर्तीको भनाइ छ ।

रातो च्याउ सुकाएपछि लामो समयसम्म भण्डारण गर्न मिल्ने भएकाले कोशेलीका रूपमा प्रयोग हुँदै आएको बेनी बजारमा लामो समयदेखि अर्गानिक उत्पादन बिक्रि गर्दै आएका सुमन पौडेलले जानकारी दिए । गत वर्ष रुमबाट रु पाँच लाखको जङ्गली च्याउ बिक्री भएको स्थानीय टेकबहादुर घर्तीले बताए ।

व्यावसायिक उत्पादन गर्न सके रातो च्याउको भविष्य रहेको उनको भनाइ छ । सिताके च्याउको व्यावसायिक उत्पादन थालिए जसरी रातो च्याउको उत्पादन गर्न सकिने सम्भावना रहेको आत्मनिर्भर साना किसान सहकारी संस्था दरवाङका अध्यक्ष सन्तनाथ सुवेदीले बताए ।

उनले भने, 'अब जङ्गललाई घाँस दाउरामा मात्रै सीमित गर्न भएन, जसरी नौ महिनामा फल्ने सिताके च्याउको वैज्ञानिक तरिकाले तीन महिना मै फल्ने बीउ उत्पादन भयो त्यसरी रातो च्याउको विकास गर्न सकिन्छ ।' *रासस*

# पर्यटकलाई लोभ्याउँदै नानापुर



■ **प्रभाव संवाददाता**

**राँझा (बाँके)–** बाँकेको डुडुवा गाउँपालिका-५ कम्दीस्थित नानापुर क्षेत्र पर्यटकको रोजाइमा पर्दै गएको छ । नेपालगञ्जबाट नजिकै रहेको प्राकृतिक वातावरण, सिद्धिविनायक लायन्स उद्यान र नानापुर घरबास (होमस्टे)ले पर्यटकलाई लोभ्याउने गरेको छ ।

नानापुर क्षेत्रमा शनिबार वा सार्वजनिक बिदाका दिन नेपालगञ्ज, कोहलपुरलगायत क्षेत्रबाट घुम्न आन्तरिक पर्यटक पुग्ने गरेका स्थानीय अगुवा मीनबहादुर थापाले बताए । 'नेपालगञ्ज सहरबाट नजिकै पर्ने हराभरा र रमणीयस्थलले सबैलाई लोभ्याइरहेको छ', उनले भने, 'पर्यटनको प्रचुर सम्भावना रहेकाले नानापुर घरबास र उद्यानलाई अझ रमणीय बनाउन स्थानीय सरकारको अग्रसरताको खाँचो छ ।'

बाबुकुवा सामुदायिक वन उपभोक्ता समूहको करिब दुई बिघा जमिनमा बनाइएको भौतिक संरचनामा विभिन्न मनोरञ्जनात्मक कार्यक्रम गरेर आन्तरिक पर्यटकले आन्नद लिने गरेका छन् । सिद्दीविनायक लायन्स उद्यानमा लायन्स स्तम्भ, सेल्फी जोन, गोलघर, कार्यक्रम कक्षलगायत संरचना निर्माण गरिएको छ । बाबुकुवा सामुदायिक वनमा सिद्दिविनायक लायन्स उद्यान सञ्चालनमा आएपछि त्यसले आन्तरिक पर्यटकको चहलपहल बढाएको नानापुर होमस्टेका अध्यक्ष डम्बर बुढाथोकीले जानकारी दिए । नानापुर क्षेत्र पुग्ने आन्तरिक पर्यटक स्थानीय रहनसहन, संस्कृतिलाई नजिकबाट नियाल्न होमस्टे पुग्ने गरेका उनी बताउँछन् ।

'होमस्टेको प्रचारप्रसार गर्न नसक्दा बाह्य पर्यटक कम आउने गरेका छन् । होमस्टेको शिष्टाचार, स्थानीय परिकारका स्वाद, पारिवारिक रहनसहनमा घुम्न आउने आन्तरिक पर्यटक रमाउने गरेका छन्,, सुरुको वर्ष होमस्टे सुनसानजस्तै थियो, विस्तारै पर्यटक आउने क्रम बढेको छ', उनले भने ।

नेपालगञ्जबाट करिब आठ किलोमिटरको दूरीमा नानापुर क्षेत्र रहेको छ । पछिल्लो पटक सिक्टा सिँचाइ आयोजनाको नहरमा पानी बग्न थालेपछि गर्मीयाममा त्यहाँ पुग्ने पर्यटक रमाउने गरेका छन् । डुडुवा गाउँपालिका-५ का वडाध्यक्ष झङ्कबहादुर थापाले वडास्तरबाट पूर्वाधार विकास गर्न बजेट नभएकाले गाउँपालिका र प्रदेश सरकारसँग नानापुर क्षेत्रको थप विकास गर्न पहल गरिएको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ